निस्सन्देह अल्लाह र उहाँका रसूलले मदिरा, मृत जनावर, सुँगुर र मूर्तिहरू निषेध गर्नुभएको छ ।

जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, उनले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मक्कामाथि विजयको वर्ष उहाँ मक्कामा हुँदा भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "निस्सन्देह अल्लाह र उहाँका रसूलले मदिरा, मृत जनावर, सुँगुर र मूर्तिहरू निषेध गर्नुभएको छ ।" सोधियो : हे अल्लाहका रसूल! मरेका जनावरको बोसोलाई मानिसहरूले डुङ्गामा लगाउँछन्, छालामा लगाउँछन् र मानिसहरूले दियो बाल्न प्रयोग गर्छन् । त्यसको बारेमा हजुर के भन्नुहुन्छ? उहाँले भन्नुभयो: "होइन,
त्यो पनि हराम हो ।" त्यस समयमा उहाँले भन्नुभयो: "अल्लाहले यहूदीहरूलाई नष्ट गरून्,
जब अल्लाहले उनीहरूका लागि बोसोलाई निषेध गर्नुभयो, तब तिनीहरूले यसलाई पगाले,
त्यसपछि बेचे र त्यसको पैसा खाए ।" [सही] [मुत्तफकुन अलैहि]

जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मक्कामाथि विजयको वर्ष मक्कामा भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : अल्लाह र उहाँका रसूलले मदिरा, मृत जनावर, सुँगुर र मूर्तिहरू बिक्री गर्न निषेध गर्नुभएको छ । कसैले सोधे: हे अल्लाहका रसूल! के हामीलाई मृत जनावरहरूको बोसो बेच्न अनुमति छ? किनभने मानिसहरूले यसलाई डुङ्गाहरू रंग्न, छालालाई शुद्ध पार्न र दियो बाल्न प्रयोग गर्छन् । उहाँले भन्नुभयो: होइन, यसलाई किनबेच गर्न पनि निषेध गरिएको छ । उहाँले भन्नुभयो: अल्लाहले यहूदीहरूलाई नष्ट गरून्, जब अल्लाहले उनीहरूका लागि पशुहरूको बोसो निषेध गर्नुभयो, तब तिनीहरूले यसलाई पगाले, त्यसपछि बोसो बेचे र यसको मूल्य खाए ।

http://www.sunnah.global/hadeeth/ne/show/4556